नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: 909

मितिः २०८२/०८/०८

नेपाल संवत् ११४६

विषयः राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस, २०८२ मनाउने सम्बन्धमा।

श्री गाउँपालिका, (सबै)।

श्री नगरपालिका, (सबै)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखाको प.सं. २०८२/८३, च.नं. २९ मिति २०८२/०८/०७ को राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस, २०८२ मनाउने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

८/८

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखा, रामशाहपथ, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
स्वास्थ्य समन्वय महाशाखा
प्रादेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखा

(४- २२३५८०, २६२६९६, २६१७३६, २६२८०२, २६२९८७, २६२४९८, २६२५४३

रामशाहपथ, काठमाडौं

पत्र संख्या २०८२/०८३
च. नं २९

मिति २०८२/८/७
ने.स. ११४५/थिलाथ्व/तृतीय

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस, २०८२ सम्बन्धमा।

उपरोक्त सम्बन्धमा नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा र विभिन्न सम्वद्ध सरोकारवालाहरु सम्मिलित बैठकको निर्णयानुसार महिला स्वास्थ्य स्वयंसेविकाहरुले जनस्वास्थ्य क्षेत्रमा पुर्याउदै आउनुभएको अतुलनीय योगदानलाई मध्यनजर गर्दै मिति २०८२/०८/१९ (२०२५ डिसेम्वर, ५ तारिख) मा हुने राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस, २०८२ का लागि "स्वस्थ समुदायको निर्माण, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको योगदान" नारा तय भएको हुँदा सोही बमोजिम मनाउने सम्वन्धमा तहाँ मन्त्रालय मार्फत सबै स्थानीय तहहरुमा पत्राचार गरिदिनुहुन आदेशानुसार अनुरोध छ।

पवित्रा ढकाल
शाखा अधिकृत